परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक १३ २०८२ कार्तिक ९ आईतवार Sunday 26, OCT 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## छठ पूजाको लागि घाट सरसफाई गरिदैं

श्याम सुन्दर सुतिहार

विराटनगर । छठ पर्वका व्रतालु भक्तजनहरुले अस्ताउँदो सुर्यलाई सोमवार बेलुकी र उदाउँदो सुईलाई मंगलवार विहान अर्घ दिई हर्सोउल्लासका साथ मनाउने छठ पर्वको लागि नदी, तलाउ, र पोखरीहरुलाई सरसफाई गर्न व्रतालुहरु, जनप्रतिनिधीहरु, प्रहरी प्रशासन समेत अहिले सरसफाईमा जेटेका छन् ।


विराटनगर-१८ मा ऐतिहासिक दामादिघी पोखरी सरसफाई गरिदैं

विराटनगर महानगरपालिका-१८ मा अवस्थित ऐतिहासिक दामादिघी पोखरी, सिघिया खोला, केशलिया खोला, लोहन्द्र खोला, अमाही पोखरी, खैरवना पोखरी, कोशी नदी, बुढी खोला, रतुवा खोला, बकाह खोला लगायतको स्थानहरुमा छठ पूजा व्यवस्थापन समिति बनाएरै यूवा सरसफाइमा जुटेका छन् ।

सरसफाई गरी सकेपछि छठ पूजा गरिने नदी, तलाव, पोखरीको घाटलाई केलाको बोट, इलेक्ट्रिक बत्ती, कागजको फुल, सयपत्री फूलले सजाउने गरिन्छ । यस वर्षको छठ पर्व शुक्रवार नहाय खायबाट शुरु भएको छ । शनिवार कद्दु ( लौका) भात खाएका छन् । आज आईतवार खरना गनिछ । सोमबार घाटमा पूजा सामग्री लिएर अस्ताउँदो सूर्यलार्य अर्घ दिने छ भने मंगलवार उदाउँदो सूर्यलाई अर्घ दिई विधिवत रुपमा समापन हुने छ ।

छठ पर्वको महत्व, विधी विधान र ऐतिहासिकता आफ्नै किसिमको छ । छठ पर्वमा महिलाको महत्त्वपूर्ण भूमिका हुन्छ । यसमा महिलाहरू अग्र भूमिका खेल्ने भएकाले उनीहरूको नेतृत्वमै यो पर्व सदियौंदेखि सम्पन्न हुँदै आएको छ । शारीरिक र मानसिक रूपले स्वस्थ घरकी ज्येष्ठ महिलाको अग्रसारितामा सम्पूर्ण परिवार, पति र सन्तानका सुख, समृद्धि र सम्पन्ताका लागि छठ पर्व प्रत्येक वर्ष मनाइने परम्परा अद्यापि जीवन्त छ ।

घरका पुरुष वर्गले पूजाआजाका सबै सामानहरूको चाँजोपाँजो मिलाए पनि यसको सम्पूर्ण व्यवस्थापन महिलाले नै गर्ने गर्छिन् । महिलाको कडा निगरानी एवं निर्देशनमा मात्र पुरुष वर्गको सहभागिता यसमा देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने महिलाको महिमा एवं गरिमा सम्पूर्ण रूपमा सम्मानित हुन्छ यस पर्वमा । महिलामाथिको थिचोमिचो यसमा देखिँदैन । समाजमा महिलाको मान मर्यादा लाई यसरी समाजमा स्वीकृत भएको पाइन्छ । महिलाको अग्रगण्य भूमिका समाजमा प्रचलित रहेको टड्कारो परिणाम यस पर्वबाट प्रमाणित हुन जान्छ । लगातार चार दिनसम्मको अनुष्ठान अनुकरणीय हुन्छ ।

महिलाहरूको त्याग, तपस्या र सहनशीलताको अनुपम उदाहरण यो पर्वबाट पुष्टि हुन जान्छ। विश्वको प्राय:जसो सबै संस्कृतिमा सूर्योपासना पद्धति प्रचलित पाइन्छ । यसको शैलीमा अवश्यमेव आ-आफ्नो संस्कृतिको छवि र छायाँ झल्किन्छ तर सूर्योपासनाको परम्परालाई प्राय: सबै संस्कृतिमा स्वीकार गरिएको पाइन्छ । हिन्दु संस्कृतिमा सूर्यलाई पूजनीय: सम्माननीय र आदरणीय देउताको रूपमा मानिने धेरै प्राचीन परम्परा जीवन्त छ । मुख्य रूपमा यस पर्वलाई नेपाल र भारतका केही भागहरूमा मनाइने भएकोले र यो क्षेत्र प्राय: हिन्दु धर्मावलम्बी भएकोले यस पर्वमा महिलाको भूमिका महत्त्वपूर्ण हुनु महिला सशक्तीकरणको एउटा दरिलोउदाहरण भन्न सकिन्छ । व्रतालु महिलालाई नमन गर्ने प्रथाबाट पनि यो कुरो स्पष्ट हुन जान्छ ।

'यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता' को वैदिककालमा उन्नति र उत्थान पूर्ण स्थान महिलाको रहेछ भन्ने कुरो पुष्टि हुन आउँछ । विशेषात: मिथिलाञ्चलका महिला घुम्टो प्रथामा बस्नको लागि अभ्यस्त र अभिशप्त हुन्छन् । उनीहरू अन्य बेलामा त्यति स्वतन्त्रताको अनुभव गर्दैनन् तर छठ पर्वको अवसरमा उनीहरू उपवास, गीत, संगीत, तथा नृत्यद्वारा आफ्नो गुनासा र गन्थन सूर्य देवलाईपोख्ने गर्दछन् ।

आराध्य देव सूर्य भएको हुनाले उनको समक्ष आफ्नो पीर मर्का पोख्नका लागि उनीहरू स्वतन्त्र हुन्छन् । घरदेखि घाटसम्म उनीहरू आफ्नो मनोनुकूलको गरगहना र साज शृंगार गरेर पूजाभावले भरिपूर्ण भएर सूर्यलाई अनुनय- विनय गर्दै आफ्नो अधिकार जनाउँछन् । यो व्रतभरिको अवधिमा यिनीहरू घुम्टो उघारेर स्वतन्त्रतापूर्वक सूर्य देवतासमक्ष आफ्नो भक्तिभावनाको अभिव्यक्ति गर्दछन् । पर्वको यो मौलिक विशेषता भएकोले महिला सशक्तीकरणको स्वर यहाँ टड्कारो रूपमा सुन्न सकिन्छ । सन्तानहीन महिलामा अवश्यमेव दीनहीन भावनायुक्त अन्तरवेदनाको अनुगुन्ज सुनिन्छ । तर अन्य महिलामा सशक्त स्वरमा महिला अधिकारको आवाज अभिव्यक्त भएको हुन्छ ।

अस्ताचलगामी सूर्यलाई छठ मैया भनेर महिलाको शक्तिलाई पूजा-आजा गरिन्छ । उषा दिनकरकी बहिनी हुनुहुन्छ । महिला पनि उत्तिकै सम्मानित, पूजित र समादृत स्थान राख्दछ, जति पुरुष । अस्ताउँदो सूर्यलाई विश्वको कुनै पनि मुलुकमा पूजाआजा गर्ने परम्परा छैन । तर सम्पूर्ण मिथिलाञ्चलमा अस्ताउँदो सूर्य अर्थात् उसकी बहिनी उषाको रूपमा पूजाआजा गर्ने सदियौं पुरानो परम्परा रहेछ । उषालाई छठी मैयाको रूपमा पुज्ने प्रथा मैथिल समाजमा भएकोले महिला सशक्तीकरणको टड्कारो उदाहरणको रूपमा यस पर्वलाई लिन सकिन्छ ।

प्राचीन ग्रन्थ ऋग्वेदमा सूर्योपासनाको महत्त्वलाई 'हे जाज्वल्यमान सूर्यदेव' भनेर सम्बोधन गरिएको छ। मत्स्य पुराणमा आरोग्य भास्करो दिच्छेत अर्थात् सूर्यबाट आरोग्यताको कामना गरिन्छ। यसैगरी पदम पुराणमा सूर्योपासना मात्रेण

वांकी अन्तिम पेजमा...

## १३ वर्षिय बालिकाको शव विभत्स अवस्था



विराटनगर । मोरङ लेटाङ गाउँपालिका वडा नं. २ स्कुल चोकको एक १३ बर्षीया बालिकाको शव बीभत्स अवस्थामा फेला परेको छ ।

विभत्स अवस्थामा रहको शव अंशु गौतमको रहेको खुलेको छ । दुई सातादेखि बेपत्ता भएकी बालिकाको शव बीभत्स अवस्थामा शुक्रबार जंगलभित्र मृत फेला परेको प्रहरीले जनाएको छ ।


लेटाङ-२ स्थित बेलबारी-चिसाङ साझेदारी वनभित्र बीभत्स अवस्थामा शव भेटिएको मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले जानकारी दिए । एसपी कटवालले अंशुको शव टाउको र शरीर छुट्टिएको तथा सडेर दुर्गन्धित भएको अवस्थामा फेला परेको जानकारी दिए । कुहिएको शवका कारण वरपर दुर्गन्ध फैलिएको उनले बताए । घाँस काट्न गएका स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । त्यसलगत्तै इलाका प्रहरी कार्यालय लेटाङको टोली घटनास्थल पुगेको थियो ।

घटनाको अनुसन्धानका लागि एसपी कटवाल आफैं घटनास्थल पुगेका थिए । अंशु असोज २१ गते दिउँसो ४:३० बजेतिर घरबाटै सम्पर्कविहीन बनेकी थिइन् । अभिभावक कसैलाई पनि केही नभनिकन बेपत्ता भएकी उनको शव २ सातापछि जंगलमा बीभत्स अवस्थामा भेटिएको थियो ।

घटनास्थल वरिपरि अंशुले लगाएको ट्राउजर र हाफपाइन्ट फुकालिएको अवस्थामा भेटिएको एसपी कटवालले बताए । कपडा शवको नजिकै फेला परेकाले बलात्कारपछि उनको हत्या गरिएको हुन सक्ने आशंका प्रहरीले गरेको छ ।

वन क्षेत्र लेटाङ र बेलबारीको सिमानामा पर्छ । बीभत्स अवस्थामा शव भेटिएको दृश्य अत्यन्तै भयावह रहेको स्थानीयको भनाई छ । घटनापछि स्थानीय त्रसित एवं स्तब्ध बनेका छन् ।



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## छठ पूजाको...

सर्वरोगता प्रभुत्येत अर्थात् सूर्यको उपासनाबाट सबै प्रकारको बिरामीबाट मुक्त होइन्छ । परम्परा:- सृष्टिको उषाकालदेखि छठ पर्व मनाउने परम्परा प्रारम्भ भएको मानिन्छ । मानव सभ्यता संस्कृतिको विकासको आरम्भकालदेखि नै मानिस सूर्य चन्द्र र पृथ्वीको पूजा गर्दै आएका छन् । त्यस्तै नदी, नाला र रूखबिरुवाको पनि पूजा-आजा गर्दै आएको प्रमाण भेटिन्छन् । हिन्दु धर्म र संस्कृतिमा ठूलो स्थान ओगटेको र सम्पूर्ण मिथिलाञ्चलका सर्व श्रेष्ठ चाडको रूपमा मनाइने छठ व्रत कार्तिक शुल्क पक्षको षष्ठी र सप्तमी तिथिमा बडो निष्ठा र श्रद्धाका साथ सम्पादित हुँदै आएको छ । सूर्यलाई पृथ्वीको सृष्टिकर्ता मानेर मानिसले पूजाआजा गर्दै प्रारम्भिककालमा आरम्भ गरेको परम्परा अद्यापि जीवन्त रहेको पाइन्छ । कार्तिक शुक्ल षष्ठी तिथिको सन्ध्याकालमा अस्ताउँदै गरेको सूर्यलाई अर्घ्य दिँदै व्रतालु भक्तजनहरूले अर्को दिन सप्तमी तिथिमा सूर्यलाई आरती र अर्घ्य प्रदान गरेपछि छठ व्रतसम्बन्धी कथाको वाचन र श्रवण गरेर समापन गरिन्छ । समापनपछि इष्टमित्रहरू र परिवारजनको बीच प्रसाद, फलादी प्रदान गरेर व्रतालुहरू स्वयंले पनि खाने गर्दछन् ।

छठ व्रतलाई षष्ठीमाता वा छठीमाई वा छठ परमेश्वरीको व्रत भनेर पनि पूजा-आजा गर्ने प्रचलन मिथिलाञ्चलमा जीवितै छ । छठीमाई देव सेनापति स्कन्ध कुमारकी सहचरी तथा भगवान् शंकरकी पुत्रवधू थिइन् । उनलाई छठीमाईको रूपमा पूज्ने गरिन्छ । महासती हुनाले दुर्गे महादुर्गे नामले उनलाई सम्बोधन गरिन्छ । सतीको साक्षी भगवान् भाष्कर भएकोले यस चाडलाई सूर्य षष्ठी भनिन्छ । मिथिलाञ्चलमा धेरैजसो र अवधी तथा भोजपुरी क्षेत्रमा अहिले भारतको हरिद्वार तथा मुम्बईमा प्रचलित यस सूर्य व्रतको प्रतिपादन हजारौं वर्ष पूर्व महर्षि याज्ञवल्क्यले गर्नुभएको थियो । छठीमाई नै षष्टी देवी हुन् ।

प्रथम स्वयम्भू मनु महाराज जसलाई सृष्टिका आदिपुरुष पनि भनिन्छ उनको ज्येष्ठ पुत्र प्रियवर्त राजनले उपासना गरेर यसको सुरुवात गर्नुभो । उहाँले सात दिनसम्म लगातार सूर्योपासना गरेर राति सूर्योदय गराउनुभो । सूर्यको रथको चक्काबाट सात समुद्र निस्कियो जुन षष्ठी माईको प्रभाव थियो । यस्तो लोकविश्वास पाइन्छ । धर्मशास्त्रमा के पनि उल्लेख पाइन्छ भने आजभन्दा पाँच हजार वर्ष पूर्व कृष्ण-बलरामलाई छठीको राति सोह्र कहारले बोकेको पालकी चढेर छठी माई आशीर्वाद दिएर फर्केकी थिइन् । भविष्योत्तर पुराणको प्रकृति खण्डमा वर्षभरिकै छठी व्रतको विधि विधान उल्लेखित छ । वर्षभरिको विधि विधान सबैलाई सम्भव नभएको हुनाले वर्षमा दुई पटक कार्तिक शुल्क षष्ठी र चैत्र शल्क षष्ठी तिथिमा छठीव्रत सम्पन्न गर्ने गरिन्छ । त्रेतायुगमा सर्वप्रथम चक्रवर्ती सम्राट् दशरथकी महारानी कौशल्या छठीव्रत गरेर सन्तान वती भएकी थिइन् । महाभारत कालमा कुन्तीले यसव्रतको पूजा गरेर कर्णजस्तो दे दिण्यमान पुत्र पाउने सौभाग्य प्राप्त गरेकी थिइन् । अत: सन्तानोत्पति र असाध्य रोगबाट मुक्तिको लागि छठीव्रतको पूजाआजा गर्ने परम्परा अद्यावधि प्रचलित छ । चर्मरोगले ग्रस्त भक्तजनहरूले यस पूजाको अनुष्ठान गरेपछि रोगमुक्त भएका कतिपय उदाहरणहरू भेटिन्छन् ।

पूजन सामग्रीहरू:- छठ पर्वमा चाहिने पूजन सामग्रीहरू मा ६० किसिमको चीजबीजको विधिविधान निर्धारित गरिएको छ तर यो सबै अचेल सम्भव नभएकोले 'अभावेशाली चूर्णम'को विधि अपनाइन्छ अर्थात् सबै व्रतालुहरूले आफूले सकेसम्म जति सम्भव हुन्छ त्यत्तिनै सामग्रीहरूको सरजाम जोडेर पूजाआजा गर्ने गर्दछन् । पारिवारिक सुख, स्वास्थ्य र कल्याणको लागि गरिने छठ व्रतमा मुख्यत: गहुँ र गुडको मिश्रण गरेर तयार पारिएको ठेकुवा (खजुरिया) र चामलको पिठो र सक्खर मिलाएर पकाएको कसार (भुसवाको) बाहेक केरा, नरिवल, उँखु, कागती, भोगटे, सक्खरखण्ड, अदुवा, बेसार, पान, मखाना र मिष्ठान्न आदिको विविध प्रकारको प्रावधान गरिएको छ । मौसमी फलफूलहरू र वनस्पातिक वस्तुहरूको बाहुल्य पाइन्छ किनभने सम्पूर्ण मिथिलाञ्चल शतप्रतिशत कृषि प्रधान प्रदेश रहेको छ । यसमा धानजस्तो अन्न गमढीको मगमगाउँदो बास्नायुक्त खीर शुद्ध मानिन्छ ।

कोशिया कुरवार भनिने घैला र केरा जति महँगो भए पनि यसको व्यवस्था गरिन्छ । माटोको हात्ती सूर्यको रथको प्रतीकको रूपमा प्रयुक्त हुन्छ । कन्दमूल प्रधान यस पर्वमा बाँसद्वारा निर्मित 'सूप' मा सबै सामग्रीहरू सजाइन्छ । प्रत्येक सूपमा एक-एक दीप प्रज्वलित गरेर व्रतालुहरू नदी वा पोखरीमा घुँडासम्म पानीमा उभेर सूर्य देवतालाई अर्घ्य दिने शास्त्र अनुमोदित विधि विधान छ । सम्पूर्ण पूजा सामग्रीको बीचमा तीनवटा उखुको लग्गा बाँधी कोशिया भर्ने गरिन्छ । प्रत्येक कोशियामा एक-एक दीप बालिन्छ । कोशियाकोसंख्या भाकलअनुसार निधारित गरिएको हुन्छ ।

नाङ्लो नयाँ र ढकीको प्रयोग शुद्ध मानिन्छ । प्रसाद र पूजन सामग्रीले यो सुसज्जित हुन्छ । यी पूजा सामग्रीहरूलाई नयाँ कपडाले छोपेर त्यसमाथि दीप बालेर राखिन्छ । व्रतालुहरूले यसलाई शिरमा राखेर नृत्य गर्दै घरदेखि घाटसम्म जान्छन् । लोकतान्त्रिक चाड छठ मिथिलाञ्चलमा गणतन्त्रको परम्परा प्राचीन रहेछ । राजर्षि जनकले नै सर्वप्रथम लोकतन्त्रको प्रारम्भ गरेको कुरो ऐतिहासिक सत्य सावित भइसकेको छ ।

त्यस समयदेखि लोकतन्त्र र प्रजातन्त्रको बीजारोपण भएको पाइन्छ । मानव सभ्यताको विकास भएको समयदेखि छठ चाडको शुभारम्भ भएको कुरो प्रमाणित भइसकेको छ । सूर्य साक्षात् देवता हुन् र यसलाई हामी आफ्नो आँखाले देख्दछौं । मानव जाति सृष्टिको उषाकालदेखि सूर्यलाई आराधना र अर्चना गर्दै आएको छ । सूर्यलाई लोकतन्त्रको पर्यायवाची मान्न सकिन्छ । सूर्यबिना कुनै पूर्वाग्रह पालेर सम्पूर्ण संसारलाई प्रज्वलित गर्दै आएको स्वयं प्रमाण प्रस्तुत गर्दछन् । यसले बिना कुनै भेदभाव सम्पूर्ण संसारमा आफ्नो प्रकाश फैलाउँदै आएको छ र भविष्यमा पनि फैलाउनेछ । यो निर्विवाद सत्य हो । व्रतालुहरू पनि अस्ताउँदो र उदाउँदो सूर्यलाई समानरूपमा पूजाआजा गर्ने गर्दछन् । सम्पूर्ण संसारमा यो एउटा अनौठो परम्परा मिथिलाञ्चलमा मात्र पाइन्छ कि अस्ताचलगामी र उदित अंशुमालीलाई समान रूपमा सम्मानित एवं पूजित गर्ने परम्परा जीवित छ । अंग्रेजी भाषामा एउटा उक्ति छ जुन यस पर्वमा अक्षरश: चरितार्थ हुन्छ- :भल बमयचभ तजभ चष्कष्लन कगल लयत तजभ कभततष्लन कगल .यस सन्दर्भमा के भनिन्छ भने मानिस उदाएको सूर्यलाई पूजा गर्दछ न कि अस्ताउने सूर्यलाई तर छठ पर्वमा अस्ताउने र उदाउने सूर्यलाई पूजा गर्ने चलन छ ।

सूर्य आफ्नो समदर्शी र समावेशी स्वभावले गर्दा सर्वत्र सधैं पूजित र सम्मानित हुँदै आएको छ । सूर्य स्वयं टड्कारो उदाहरण हुन सक्छ कि लोकतन्त्रमा सबैसित समान व्यवहार गर्ने गरिन्छ । लोकतन्त्रको प्रकृति र प्रवृत्ति सूर्यसँग मिल्दोजुल्दो छ । छठको प्रसादमा लोकतान्त्रिक झलक पाइन्छ । गमढी धानको प्रयोग प्राय: हुँदैन तर यस उपेक्षित र अपहेलित अन्नको खीर बनाएर व्रतालुहरू खाने गर्दछन् । यस अन्नलाई यथोचित स्थान यस पर्वमा मात्र दिइने परम्परा अद्यावधि जीवन्त छ । समाजमा वर्ण व्यवस्थाको बिगबिगी रहेको बेलादेखि आजसम्म 'डुम' जातिलाई समम्मान यस पर्वमा स्थान दिइने प्रचलन जीवित छ । यसले बनाएको सूप, नाङ्लो, छिट्टी, टोकरी र बास्केटको प्रयोगबिना यस पर्वको परिकल्पना पनि गर्न सकिँदैन । छठको घाटमा लोकतन्त्र जलाशयको अभावमा छठको कल्पना असम्भव हुन्छ । यस पर्वको जलसँग अभिन्न सम्बन्ध गाँसिएको छ । समाजको सबै वर्ग, जात जाति मिलेर पर्व मनाउने गर्दछ । घाटमा पुगेपछि जातपातको भेदभाव भंग हुन्छ । विभिन्न धर्मावलम्बीहरू समेत यस पर्वमा सहभागी हुन्छन् ।

सूर्योपासना प्रधान पर्व भएकोले यसमा कुनै जातजातिको प्रधानता हुँदैन । सबै समान रूपमा सहभागी हुने गर्दछ । एउटै जलाशयमा सबै व्रतालु र श्रद्धालु भक्तजनहरू मिलेर हर्षोल्लासका साथ मनाउने गर्दछन् । लोकतान्त्रिक पद्धतिअनुसार छठको घाटमा पूजाआजा गरिने भएकोले यहाँ भेदभावको पर्खाल भंग हुन्छ । नटुआ नाच: छठमा नटुआ नचाउने प्रथा छ । यस नाचमा पनि कुनै भेदभाव देखिँदैन । केटा नै केटीको भूमिका निर्वाह गर्दै नाच्ने गर्दछ । व्रतालुहरू विभिन्न भाकल गरेर पर्वलाई मनाउने गरेकोले लोकतान्त्रिक भावनाको पुष्टि हुन्छ ।

साधारणत: निम्न जातको केटो नै यस नाचमा भाग लिने गर्दछ तर यस चाडमा व्रतालुहरू यिनलाई आफ्नो आँचल पसारेर स्वागत सत्कार गरेर सम्मान गर्दछन् । यसलाई शुभ संकेतको रूपमा स्वीकार गरिन्छ । दूधको अर्घ्य: व्रतालुहरू जब सन्ध्याकालीन र प्रात:कालीन सूर्यलाई अर्घ्य प्रदान गर्ने गर्दछन् तब उनीहरूको अर्घ्य प्रदान गर्ने पातमा या भाँडामा जुन कुनै किसिमको जात-जातिले दूधको अर्घ्य प्रवाहित गर्न सक्छ । यसमा कुनै किसिमको जात- पातको भेदभाव गरिँदैन । यस प्रकार के भन्न सकिन्छ भने छठ पर्वमा लोकतत्रको छवि र छटा छायांकित भएको हुन्छ । यस चाडमा लोकतन्त्रको लालिमा छरिएको हुन्छ ।

छठ पर्वको उत्पत्ति मैथिली संस्कृति नदी प्रधान संस्कृति भएकोले र छठ पर्व जलाशयसँग सम्बन्धित भएकोले यो संस्कृति अति प्राचीन त हुँदै हो तर जलायशको अभावमा यसको कल्पना गर्न सकिन्न । यो नेपाल र छिमेकी मुलुक भारतको प्राचीन धार्मिक पर्व हो । नेपालमा यो पर्व कोसी र सदानीरा गण्डकी नदीको बीचको भूभागमा मनाइन्छ । छठ पर्व मनाउने परम्पराको प्रारम्भ कहिलेदेखि भयो भनेर तथ्य पाइँदैन । यसको ऐतिहासिकतालाई पुष्टि गर्ने कुनै धर्मग्रन्थ प्राप्त भएको छैन । कुनै शिलालेख वा अभिलेख आजको अवधिसम्म प्राप्त हुन सकेको छैन । छठ पर्व र सूर्यपूजाबीच रहेको अभिन्न सम्बन्ध प्राचीनकालदेखि नै पाइन्छ । सूर्यपूजाको प्रचलन र सूर्यपूजाबारे प्राप्त विभिन्न अभिलेखहरू र मुद्राहरूबाट छठ पर्व पनि प्राचीन सांस्कृतिक पर्व हो भनी सहजै अनुमान गर्न सकिन्छ ।




हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| योगेन्द्र प्रसाद दुलाल | शिल्पा निराला कार्की | नागेश कोईराला |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | प्रमुख |

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग, कोशी प्रदेश, नेपाल

खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।

असन्तुलित खानपान तथा जीवन शैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले,

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

# छुवाछुत रहित पर्व छठ

नेपालको धार्मिक र सांस्कृतिक विविधतामा छठ पर्वले विशेष स्थान ओगटेको छ। सूर्य उपासना र जल, माटो, र आत्मशुद्धिको प्रतीकका रूपमा मनाइने यो पर्व मधेशदेखि पहार र हिमाल सम्म देशका ७ वटै प्रदेशमा समान आस्थाका साथ मनाइन्छ। विशेषगरी महिलाहरूले निराहार रही सूर्य भगवान् र छठी माईको आराधना गरेर परिवारको सुख, समृद्धि र स्वास्थ्यको कामना गर्ने यो पर्व आज सबै समुदायको साझा चाड बन्दै गएको छ। पहिले छठलाई केवल तराई-मधेश क्षेत्रको पर्वका रूपमा हेरिन्थ्यो। तर अहिले सहरदेखि गाउँसम्म यसले धार्मिक सहिष्णुता र सामाजिक एकताको सन्देश फैलाइरहेको छ। छुवाछूत, जातीय भेदभाव र सामाजिक विभाजनका अन्धपरम्पराहरूलाई चिर्दै छठ पर्वले सबैलाई एउटै घाटमा, एउटै जलमा र एउटै सूर्यदेवतासामु नतमस्तक हुन सिकाएको छ।

यही कारणले यो पर्व "छुवाछूत रहित पर्व" को रूपमा पनि स्थापित हुँदै गएको छ। सूर्यदेवलाई अर्घ्य दिने बेला दलित, जनजाति, मधेसी, पहाडी, महिला र पुरुष सबै एउटै घाटमा उभिन्छन्। जलमा खुट्टा डुबाएर सूर्यको आराधना गर्ने क्षणमा कोही ठुला र साना हुँदैनन्। यो दृश्यले नेपाली समाजमा समानता, एकता र सहअस्तित्वको गहिरो सन्देश दिन्छ। छठ पर्वले हाम्रो समाजलाई धार्मिक आडम्बरभन्दा माथि उठेर मानवता र सहअस्तित्वको मूल्य बुझ्न प्रेरित गरेको छ। यसले विभाजन होइन, भातृत्व र आपसी माया बढाउने संस्कार बसाल्दै आएको छ।

त्यसैले आज आवश्यक छ–छठको यही आत्मा, "छुवाछूत रहित समाज" निर्माण गर्ने संदेश, हरेक नेपालीको जीवनमा उतार्ने। अन्ततः, छठ केवल सूर्यपूजाको चाड होइन, समानता, एकता र सामाजिक न्यायको पर्व हो। यसले हामीलाई सम्झाउँछ। ईश्वरको उज्यालो सबैका लागि बराबर हो, त्यसमा भेदभावको कुनै ठाउँ छैन। छुवाछूत मुक्त समाज बनाउने बाटो यही चेतनाबाट सुरु हुन्छ।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**) : **तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**) : **आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को, ह**) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुर्‍याएर काम गर्नुहोला।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**): **आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ** (**गु, गे, गो, सा, सी, सु, से, सो, द**) :**सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# जेन-जी आन्दोलन र राजनीतिक मोड



रमेश कुमार बोहोरा

जेन-जी आन्दोलन र त्यसपछि विकसित राजनीतिक घटनाक्रमले नेपालको लोकतान्त्रिक यात्रामा नयाँ मोड सिर्जना गरेको छ। प्रतिनिधि सभाको विघटन, संक्रमण कालीन सरकार, निर्वाचनको तयारी, राजनीतिक दलहरूको जिम्मेवारी र जनआकांक्षा बीचको द्वन्द्व अहिलेको यथार्थ बनेको छ। आन्दोलनको मर्म र यसको राजनीतिक निहितार्थ बुझ्न नसके लोकतान्त्रिक प्रणाली फेरि एक पटक अन्योलको दलदलमा फस्न सक्छ। त्यसैले अहिलेको परिस्थितिको मूल्याङ्कन केवल भावनामा होइन, तथ्य, इतिहास र सन्दर्भका आधारमा गर्न आवश्यक छ।

जेन-जी आन्दोलन कुनै आकस्मिक आक्रोश थिएन। यो लामो समयदेखि बढ्दै आएको भ्रष्टाचार, अनियमितता, राजनीतिक अस्थिरता र जिम्मेवारीविहीन नेतृत्वविरुद्ध को जनसंगठित असन्तोष थियो। जब सत्तामा रहेका दलहरू जनताको माग र आकांक्षाबाट क्रमशः टाढिँदै गए, जब राज्य संयन्त्र जनसेवाबाट विचलित भएर स्वार्थ र सत्ताको बन्दी बन्यो तब नयाँ पुस्ताले सडकमा आवाज उठाउन बाध्य भयो। यस आन्दोलनले जनताले फेरि एक पटक लोकतन्त्रको वास्तविक अर्थ स्मरण गरायो जनताको शासन, जनताको आवाज र जनताको उत्तर दायित्व।

यद्यपि आन्दोलनका क्रममा भएको हिंसा, तोडफोड र दमनले त्यसको औचित्य र मर्यादामा प्रश्न पनि उठायो। २३ भदौमा भएको प्रदर्शनमाथिको दमन र २४ भदौमा भएको लुटपाट, आगजनी र तोडफोड दुवै लोकतान्त्रिक समाजका दृष्टिले अस्वीकार्य छन्। विधिको शासन भनेको न त सत्ताको मनपरी हो न त जनताको अराजकता त्यसैले यस्ता घटनाको निष्पक्ष छानबिन र जवाफदेहीता अब टार्न नसकिने राष्ट्रिय आवश्यकता बनेको छ।

राजनीतिक संक्रमणका यस्ता संवेदनशील क्षणमा सरकारले अध्यादेशमार्फत मतदाता नामावली दर्ताको कानुनी ढोका खुला गरेर जनसहभागिता सुनिश्चित गर्न खोजेको छ। निर्वाचन आयोगले समेत आफ्नो कार्यतालिका तय गरेर चुनावको मिति घोषणा गरेको छ। यी दुवै संस्थाका कदम सकारात्मक सन्देश हुन्। तर निर्वाचनको सफलता केवल कानुनी र प्राविधिक तयारीमा होइन राजनीतिक वातावरण र विश्वासमा निर्भर हुन्छ। यदि देशमा भय, अविश्वास र असुरक्षा छ भने कुनै पनि चुनाव लोकतान्त्रिक उत्सव होइन केवल औपचारिक अभ्यास मात्र हुन्छ।

लोकतन्त्रमा निर्वाचनका मुख्य पात्र राजनीतिक दल र उम्मेदवार नै हुन्। दलहरू को क्रियाशीलता बाट मतदातामा चेतना जाग्छ सहभागिताको भावना बढ्छ र लोकतान्त्रिक प्रतिस्पर्धा सशक्त बन्छ। तर अहिलेका पुराना दलहरू अलमलमा छन्। उनीहरू आन्दोलन पछिका मनो वैज्ञानिक र राजनीतिक आघातबाट अझै निको भएका छैनन्। जसरी उन िहरूको नेतृत्व भ्रष्टाचार, सत्ताको दुरुपयोग र नीति नैतिकताको पतनमा फसेको थियो त्यसले जनविश्वासका जरालाई हल्लाइ दियो।

नयाँ दलहरू दर्ता र सक्रियतामा लागेका छन् तर ती पनि जनविश्वास जित्ने अवस्थामा पुगेका छैनन्। यस्तो अवस्थामा आवश्यक कुरा प्रतिस्पर्धा होइन विश्वास निर्माण हो। लोकतान्त्रिक प्रणालीका लागि सबै दल ( नयाँ वा पुराना) जनतासँगको सम्बन्ध पुनःस्थापित गर्न तयार हुनुपर्छ। त्यसका लागि निर्वाचनलाई अवसरका रूपमा लिन सकिन्छ।

अहिले विघटित प्रतिनिधि सभाको कथा कुनै सामान्य घटना होइन। यो संसद् जनताले निर्वाचित गरेको थियो तर विघटनको निर्णय राजनीतिक असफलता र नीतिगत भ्रमको परिणाम बन्यो। जनप्रतिनिधिमूलक संस्था विघटन हुनु लोकतन्त्रको दुर्भाग्य हो। तर कहिलेकाहीँ यस्तो कदम पनि आवश्यक हुन्छ जब जनताको म्यान्डेट अपवित्र गरिन्छ। यही सन्दर्भमा अहिलेको संसद् विघटनलाई हेर्न सकिन्छ। यो दलभित्रका विवाद वा सत्तासंघर्षका कारण होइन, जनआन्दोलनको दबाब र सुधारको आवश्यकताबाट उत्पन्न परिस्थिति हो।

नेपालको इतिहासमा संसद् विघटन र पुनःस्थापनाका धेरै अध्याय छन्। २०५१ सालमा सत्तारूढ दलभित्रको विवादले मध्यावधि चुनाव भएको थियो। २०५६ मा शीघ्र निर्वाचन भयो। २०५९ मा विघटित संसद् जनआन्दोलनबाट फर्कियो। २०७७ र २०७८ मा सर्वोच्च अदालतले संसद् पुनःस्थापना गरेर संवैधानिक मर्यादाको रक्षा गर्‍यो। यी सबै घटनाले एउटा कुरा स्पष्ट गर्छन् नेपालमा संसद् विघटनको कुनै स्थायी मापदण्ड छैन। यो हरेक पटक राजनीतिक परिस्थितिले नै निर्धारण गर्छ। अहिले पनि त्यही इतिहास दोहोरिएको छ।

जेन-जी आन्दोलनपछिको राजनीतिक परिदृश्यमा सत्तामा रहेका पात्रहरू रक्षात्मक बनेका छन्। उनीहरू जनअसन्तोषका निशानामा छन्। उनीहरूको विगतका निर्णय र कार्यशैली माथि प्रश्न उठेका छन्। यो अवस्थाले मुलुकलाई राजनीतिक रिक्ततामा धकेल्न सक्थ्यो। त्यसैले अस्थायी समाधानका रूपमा गैर राजनीतिक संयोजनको सरकारले नेतृत्व लिएको हो। पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा बनेको सरकार संवैधानिक अभ्यासको दृष्टिले असामान्य भए पनि आवश्यक संक्रमणकालीन उपाय थियो।

तर यस्तो सरकार दीर्घकालीन समाधान होइन। लोकतन्त्रको स्थायित्व निर्वाचित जनप्रतिनिधिबाट मात्रै सुनिश्चित हुन्छ। संविधानले जननिर्वाचित संस्थालाई शासनको केन्द्र बनाएको छ। त्यसैले अहिलेको सरकारले देशलाई चुनावमा लैजान र नयाँ जनादेश प्राप्त गर्न तयारी गर्नु आवश्यक छ। दीर्घकालसम्म अनिर्वाचित सरकार रहनु भनेको लोकतान्त्रिक मूल्यविपरीतको अभ्यास हो।

राष्ट्रपति रामचन्द्र पौडेलले यो संकटको निकास संवैधानिक बाटोबाट खोज्ने प्रयास गरेका छन्। नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र अहिले पुनः मूल्याङ्कनको घडीमा छ। दशकौंदेखि राज्य सञ्चालनमा देखिएको नीति

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. १ रहेका ग्रामथान

श्याम सुन्दर सुतिहार

**१. ग्रामथान गडेरिया**

यो ग्रामथान धनपालथान गाउँपालिका वडा नं. १ कार्यालय देखि करिब दुई किलोमिटर उत्तर गडेरिया टोल बस्तीको सडकदेखि करिब ५ सय मिटर उत्तर खेतको बीचमा रहेको छ। करिब १० धुर ऐलानी जग्गामा रहेको थानमा पूर्व फर्केको ईंटाको चार फुट अग्लो पर्खाल भएको टिनको छानो भएको दुई कोठे सानो घर छ। त्यसैगरी उत्तर मुख फर्केको सोही आकारको एक कोठे सानो घर छ। यो ग्रामथान कहिले स्थापनाभएको कसैलाई थाहा छनै।पुस्तौपुस्ता देखि पूजापाठ गर्दै आएको स्थानीय ७५ वर्षिय जितनलाल मण्डल केबरतले बताए। उक्त स्थानमा गाउँटोल मा बसोबास गरिरहेका मानिसहरुबाट चन्दा (स्थानीय भाषामा बेहरी) उठाएर चैतको अन्तिम दिन पूजा गर्दछन। त्यस बाहेक हरेक पर्वहरुमा र आफ्नो मनोकामना पूरा भएका मानिसहरुले अन्य दिनमा समेत पूजापाठ गर्दछन्।

उक्त थानमा पहिले पहिले ग्रामथानमा पूजा गरिसके पछि अनिवार्य रूपमा हावाहुरी (आँधी) आउने गरेको स्मरणल गर्छन स्थानीय कन्है‌यालाल चौधरी केवरत। ग्रामथानमा राजाधन पाल, गैया, काजर-माजर, भगवती, बजरंगवली, पिरबाबा लगायतको पूजापाठ गरिन्छ। पूजापाठमा माथि उल्लेखित सामग्री बाहेक दारु (रक्सी) र कुखुरीको एउटा चल्ला चढाइन्छ। विधिअनुसार उक्त चल्लालाई माटोको घेरा बनाई घेराभित्र राखी माटोले छोप्ने चलन छ।

ग्रामथानमा टोल बस्तीका केवरत, ऋषिदेव, गनगाई, सोनार,नुनियाँ लगायतका जात जातीहरुले पूजापाठ गर्ने गर्दछन्।

पुजारी तराचन्द मण्डल केवरतका अनुसार ग्रामथान सम्म पुग्न बाटो, विजुली र पानीको व्यवस्था छैन। ग्रामथानको घर समेत व्यवस्थित बनाउन पर्ने अवस्थामा छ।

**२. नयाँ ग्रामथान गडेरिया**

धनपालथान गाउँपालिका वडा नं. १ गडेरिया टोल बस्ती ठूलो भएको कारण करिब २० वर्ष पहिले पुरानो ग्रामथान गडेरियाको पश्चिम तिर नयाँ बस्ती बनेकाले नयाँ ग्रामथान स्थापना गरिएको छ। सडकदेखि उत्तर पश्चिममा रहेको गडेरिया ग्रामथान ईंटाको पर्खाल लगाईएको करिब चारफुट उच्चमा बाँस, पराल, सन्ठीको टाटी बनाएर छोपिएको पूर्वतिर मुखफर्किएको दुई वटा कोठा भएको, सानो भुप्रो छ। छेउमै दक्षिण फर्किएको सानो एउटा कोठा भएको भुप्रो छ। उक्त थानमा चैतको अन्तिमदिन पूजापाठ गर्ने परम्परा रहिआएको छ। त्यस बाहेक बस्ती टोलमा बसोवास गरेका मानिसहरु को घरमा कुनै समस्या आए त्यो समस्या समाधानको लागि ग्रामथानमा भाकल गर्ने चलन छ। त्यो भाकल पूरा भएमा कवोल गरेको प्रसाद जुनसुकै बेल पनि चढाउने चलन रहेको पुजारी मनोजकुमार मण्डल केवरत ले बताए।

ग्रामथान सम्म पुग्ने बाटो, ग्रामथानमा बिजुली तथा पानीको उचितव यवस्थाहुन सकेको छैन। ग्रामथानको घर समेत व्यवस्थित हुन सकेको छैन।

**३. ग्रामथानदुर्गापूर :**

धनपालथान गाउँपालका वडा नं. १ कार्यालय देखि २.५ किलोमिटर दक्षिण सडकदेखि पूर्व रहेको ग्रामथान दुर्गापुरमपुस्तौदेखि सानोबाँस र परालको घरमा पूजागर्दै आएको पाइन्छ। यसको स्थापनाको समय साल कसैलाई थाहा छैन।

त्यो सानो भुप्रोलाई हटाएर सभासद बाबुराम पोखरेलको सहयोगमा अध्यक्ष मिनतु साह र सचिव कृपानन्द मण्डल केवरतको सकृयतामा पूर्वमुख फर्केको ईंटाको पर्खाल चार फुटको परखाल बनाई टिनको छाना भएको दुई कोठाको घर रहेको छ। त्यससँगै दक्षिण मुख फर्केको सोही आकारको एक कोठे अर्को घर रहेको छ। उक्त थानमा सुडी, तेली, केवरत, धोबी, सोनार, नाई (ठाकुर) लगायत जातिका मानिसहरुले पूजा गर्ने गरेका छन्। वर्षको एक पटक बैशाख महिनाभित्र टोलबस्ती मा सहयोग सङ्कलन गरी दुई वटा बोका र एक वटा बाखी लगायत पूजाका सामग्रीका साथ पूजा गर्ने गरिएको पुजारी मनोज मण्डल केवरतले बताए। स्थानीयबासीको भाकल पूरा भएमा जुनसुकै दिनपनि प्रसाद चढाउने गरिन्छ।

ग्रामथान दुर्गापुर सम्म पुग्ने बाटो, उज्यालोका लागि बिजुली र पिउने पानीको व्यवस्था छैन। ग्रामथानमा घर समेत व्यविस्थत हुन सकेको छैन।

**४.ग्रामथानदुर्गापुर (सुतिहार टोल) :**

धनपालथान गाउँपालिका वडा नं. १ को कार्यालयबाट १ किलो मिटर दक्षिण सडकदेखि पूर्व सुतिहार टोलदेखि उत्तर रहेको ग्रामथान बाँसको बत्तीले घेराबेरा गरेको छ। करिब ५ पाँच फुटउचाई रहेको टिनको छाना भएको पूर्व, दक्षिण र उत्तर फर्केको एक एकवटा घर रहेको छ। उक्त ग्रामथानमा बढई जातिको सुतिहार थर लेखाउनेहरुले मात्र पूजापाठ गर्दै आएका छन्। स्थानीय गुलावचन्द सुतिहारले बताए अनुसार सो टोलमा अन्य जातजातिको बसोबास छैन। त्यसैले सुतिहारहरुले मात्र उक्त ग्रामथानमा पूजा गर्दछन्। अन्य जातिका लागि पूजापाठ गर्न खुल्ला छ, कुनै रोक टोक छैन।

स्थानीय बटेश्वर सुतिहार ले बताए अनुसार नयाँवर्षको अवसरमा बैशाख ३ गते टोलबासीकै सहयोगमा धुमधामका साथ ग्रामथानमा पूजापाठ गरिन्छ। बैशाख ३ गतेको पूजापाठ गर्न पुजारी रूपलाल मण्डललाई तोकिएको छ। साप्ताहिक पूजाभने रामानन्द सुतिहारले गर्दछन्। अन्य दिन पनि धुप/दियो बाल्ने गरेका छन्।

ग्रामथान सम्म पुग्न बाटो, बिजुली, पानीको व्यवस्था छैन। ग्रामथानको घर समेत अव्यवस्थित अवस्थामा रहको देखिन्छ।

**५. लवटोलीग्रामथान नोचा :**

धनपालथान गाउँपालिका वडा नं. १ कार्यालयदेखि करिब २ किलोमिटर पश्चिम उत्तरमा पर्ने लवटोलिया ग्रामथान नोचा सडकको पूर्वमा अवस्थित छ। नेपाल सरकारको करिब १५ धुर जग्गामा फैलिएको ग्रामथान पुर्वमुख फर्केको छ।

ईंटाको पर्खाल र छत ढलान भएको दुई कोठाको पूजाभवन रहेको छ। दक्षिण मुखफर्केको ईंटाको पर्खाल र छत ढलान भएकोअर्को एक कोठाको पूजा घर पनि रहेको छ। उक्त ग्रामथानमा मंसिरदेखि माघभित्र एक पटक वीर्षक पूजापाठ गरिन्छ। उक्त पूजामा दुईवटा बोका र एउटा बाख्रीको वलिदिने प्रचलन छ।

पूजा सम्पन्न गर्नको लागि टोलबस्तीका मानिसहरुबाट सहयोग उठाइन्छ। उठेको रकमबाट पूजापाठ सकेपछि प्रसाद टोल बस्तीमा वितरण गरिन्छ। स्थानीय ४८ वर्षिय संजयकुमार चौधरी (गनगाई) ले बताए अनुसार ग्रामथानको भवन गाउँपालिका र वडाको सहयोगले बनेको हो। मंसिरदेखि माघसम्म हुने पूजावाहेक हिन्दु धर्म मान्नेहरुले प्रत्येक पर्व (पवनी) मा पूजापाठ गर्न र दियो बत्तीबाल्न समेत जाने गर्दछन्। ग्रामथानमा गरेको भाकल पूरा हुने गरेको वर्ष ६० को प्रितीचन्द चौधरी (तियर,मलहा) बताउँछन्।

ग्रामथान स्थापन परापूर्व कालदेखि चलिआएको लोक काचार संस्कृतिका कारण बाबुबाजेबाट गाउँघरमा कुनै किसिमका घटना नहोस्, समाजमा हुने हैजा, फौति जस्ता रोग व्याधीबाट बच्न सकियोस, खेतीमा लगाएको बालीको रक्षाहोस् भनी समाजका सबै मिली ग्रामथान को स्थापना गरिएको ७० वर्षिय सदान्द चौधरी (गनगाई) ले बताए।

एक अर्को प्रसङ्गमा उनले भने सयौं वर्ष अगाडि समाजका मानिसहरुलाई ब्राह्मन र सोलकन भनेर बाँढियो। सोलकनले घरमा लगाउने कुनै पनि पूजापाठ गर्दा अनिवार्य रूपमा ब्राह्मणबाट गर्ने र दक्षिणा दिनपर्ने प्रवृतिलाई हटाउन समाजका मानिसहरुले ग्रामथानको स्थापना गरेका हुन्। ग्रामथानको पूजापाठको लागि ब्राह्मण चाहिदैन, समाजकै कुनै पनिव यक्तिले गर्न सक्छ। समाजमा भएको भाँक्री ( स्थानीय भाषामा ओझा) बाट गराउने प्रचलन शुरुवात भएको चौधरी (गनगाई) को भनाइ छ।

आफ्नो छोराछोरीको विवाहको लगन शुरु भएपछि ग्रामथानमा गएर पूजा गर्नुपर्छ। सो पूजामा छोराको विवाह अर्को गाउँ जन्तीजाने भएकोले जन्तीको रक्षा गर्न र उताबाट बुहारी सकुशल आफनो घरमा आइपुगोस भनी कामना गरिन्छ। छोरीको विवाहमा आफूहरुले चुनेको वर सकुशल आफ्नो गाउँमा आओस र छोरीलाई राम्ररी विदाई गर्न पाउँ, छोरीका ससुरालीमा पनि ग्रामदेवताले रक्षा गरुन् भन्ने कामना गरिने ७० वर्षिय हडनीया देवी चाधरी ( गनगाई) ले बताइन। विवाहको बेलाहुने पूजामाकुनै किसिमको बलिदिइँदैन। पान, फूल, मिठाई जल आदि सामग्रीहरू नाङ्लो ( स्थानीय भाषामा सुप्पा) मा राखेर महिलाहरुले टाउँकोमा बोकी धोतीले छोपेर लाने गर्दछन्।

ग्रामथान सम्म पुग्ने बाटो, बिजुली र पिउने पानीको व्यवस्था छैन। ग्रामथानको भवन अलि व्यवस्थित रहेको छ।

# प्यान्क्रियाज : शरीरको लुकेको हिरा

मानव शरीरमा केही यस्ता अंगहरू हुन्छन् जुन देखिँदैनन्, तर तिनीहरूको भूमिका धेरै महत्त्वपूर्ण हुन्छ। यिनीहरूमध्ये एक हो प्यान्क्रियाज ( अग्न्याशय)। आयुर्वेदमा यसलाई “अग्न्याशय” भनिएको छ किनभने यसले अग्नि ( पाचन शक्ति) लाई नियन्त्रण गर्दछ। यसले पाचन र रक्त शर्करा दुवैको सन्तुलन कायम राख्छ अर्थात् यो शरीरको एक दोहोरो कार्य गर्ने अंग हो।

प्यान्क्रियाज एक लामो, च्याप्टो ग्रन्थि जस्तो अंग हो जुन पेटको पछाडि, आमाशय र मेरुदण्डको बीचमा अवस्थित हुन्छ। यो लगभग ६ इन्च लामो हुन्छ र यसको टाउको ड्युओडेनम (आन्द्राको पहिलो भाग) सँग जोडिएको हुन्छ, जबकि यसको पुच्छर फियो तिर हुन्छ।

प्यान्क्रियाजको महत्व : यसले शरीरमा दुई मुख्य कार्य गर्दछ।

पाचन कार्य : प्यान्क्रियाजले पाचक रस बनाउँछ, जसमा एमाइलेज, लाइपेज, ट्रिप्सिन जस्ता इन्जाइमहरू हुन्छन्। यी इन्जाइमहरूले भोजनमा भएको कार्बोहाइड्रेट, प्रोटिन र बोसोलाई तोडेर शरीरमा अवशोषण गर्न योग्य बनाउँछन्।

हर्मोनल कार्य : यसले इन्सुलिन र ग्लुकागन नामक हर्मोन बनाउँछ, जसले रगतमा चिनीको स्तरलाई नियन्त्रण गर्दछ। जब शरीरमा इन्सुलिन कम हुन्छ, रगतमा ग्लुकोजको मात्रा बढ्छ र मधुमेह (डायबिटिज) को समस्या सुरु हुन्छ।

के खाने ?

- करेला, मेथीको दाना, अमला- प्राकृतिक इन्सुलिन नियामक, लौका, परवल, पालुङ्गो
- हल्का र पचाउन सजिलो नरिवलको पानी, कागती पानी, गुर्जोको रस
- मधुमेहका लागि उत्तम, बयर, गहुँको च्याख्ला, जौ, ओट्स
- चिनी नियन्त्रक बेसार र दालचिनी
- प्यान्क्रियाजलाई सक्रिय राख्नमा सहयोगी प्यान्क्रियाज सँग सम्बन्धित सामान्य रोगहरू : प्यान्क्रियाटाइटिस ( अग्न्याशयको सुजन ): - अत्यधिक मदिरा सेवन, संक्रमण वा पित्तथैलीको पत्थरीका कारण हुन सक्छ।

मधुमेह : जब प्यान्क्रियाजले पर्याप्त मात्रामा इन्सुलिन बनाउँदैन।

प्यान्क्रियाटिक क्यान्सर ( अग्न्याशयको क्यान्सर) : - यो एक गम्भीर र छिटो फैलिने क्यान्सरको प्रकार हा ( )।

सिस्टिक फाइब्रोसिस : - एक आनुवंशिक रोग जसले प्यान्क्रियाजको पाचन क्रियालाई प्रभावित गर्दछ।

किन छ खास?

द्वि-कार्यात्मक अंग : अग्न्याशय शरीरको एक मात्र यस्तो अंग हो जसले हर्मोन र पाचक रस दुवै उत्पादन गर्दछ

प्रतिदिन १ लिटर पाचक रस : यसले हरेक दिन लगभग १ लिटर इन्जाइम युक्त रस बनाउँछ, जुन भोजन पचाउनमा सहायक हुन्छ।

सुगर सेन्सरको भूमिका : यसले रगतमा चिनीको स्तर तुरुन्तै पत्ता लगाई इन्सुलिन वा ग्लुकागन स्राव गर्दछ ताकि सन्तुलन कायम रहोस्।

बी-सेल पुनर्जनन क्षमता: बीटा कोशिकाहरूले केही महिनामा आफूलाई पुनः बनाउन सक्छन; तिनीहरू मर्न सक्छन् र अस्वस्थकर भोजन र तनावले यो प्रक्रिया रोकिन्छ।

ऐतिहासिक नाम प्राचीन कालमा अग्न्याशयलाई “स्वीट ब्रेड“ भनिन्थ्यो, जबसम्म इन्सुलिनको खोज भएको थिएन।

निद्रामा दुखाइको कारण: प्यान्क्रियाटाइटिसमा हुने, ढाडसम्म पुग्ने तीव्र दुखाइ यस अंगको गम्भीर सुजनको संकेत हो।

मस्तिष्कसँग सीधा सम्बन्ध : तनावको स्थितिमा अग्न्याशयको स्राव घट्छ - यही कारण हो कि दीर्घकालीन तनावले मधुमेह बढाउँछ।

निद्रामा निष्क्रियता : रातको समयमा यो अंग आरेष्ट मोडमा जान्छ, त्यसैले ढिलो रातमा भारी भोजन हानिकारक हुन्छ।

सुगर स्पाइक्सबाट क्षति : बारम्बार गुलियो वा प्रशोधित खानेकुरा खाँदा बीटा कोशिकाहरू थाक्छन्, जसले गर्दा टाइप-२ मधुमेहको खतरा बढ्छ।

’साइलेन्ट किलर’ क्यान्सर : प्यान्क्रियाटिक क्यान्सरका प्रारम्भिक लक्षणहरू देखिँदैनन्, त्यसैले यसको पहिचान प्रायः ढिलो गरी हुन्छ।



# बाढी पहिरोका १२ कारण, समाधानका १२ उपाय

हरेक वर्षायाममा तराईमा डुवान र बाढी तथा पहाडमा पहिरोका कारण अर्बौंको धनमाल र सैयौंको ज्यान जाने गरेको छ । यो विभिषिका घट्नुको साटो हरेक वर्ष अझ विकराल हुँदै गइरहेको छ ।

हरेक वर्षा सहकालका रुपमा आउनुपर्नेमा महाकालका रुपमा आउने परस्थिति मानवजन्य क्रियाकलापबाटै सिर्जना भइरहेको छ । केही नीतिगत कारणले, केही लापरवाहीले, केही नियतजन्य कारणले, केही नक्कल गर्ने प्रवृत्तिका कारणले त केही अज्ञानतावश अनि केही इतिहास बाट शिक्षा नलिएका कारण यो अवस्था सिर्जना भएको हो ।

बुँदागत रुपमा भन्नुपर्दा देहायका कारणले मुलुकमा हरेक वर्षायाममा बाढीको विभिषिकामा मुलुक धसिन पुगेको हो:

**(१) तराईमा पूर्व-पश्चिम दिशामा बनाइएका अवैज्ञानिक ग्रामीण सडक :**

तराईमा कथित विकासका नाममा पूर्व-पश्चिम दिशामा ग्रामीण सडकहरुको सञ्जाल नै निर्माण भएको छ । विना अध्ययन पानीको निकासको पर्याप्त व्यवस्था नगरिएको नहुँदा वर्षाको पानी स्वभाविक निकासको अभावमा अनियन्त्रित हुने र धारको रुप धारण गरी प्रकोप निम्त्याउने गर्दछ । यो विषयमा जनता निरीह र सरकार रमिते भएर बसेको छ ।

**(२) नालाहरुको अतिक्रमण :**

तराईमा जग्गाको मूल्यवृद्धि भएसँगै परम्परागत फराकिला पानीका प्राकृतिक निकासका नालाहरु अतिक्रमण गरी पर्खाल लगाउने, पुर्ने र बन्द गर्ने प्रवृत्तिमा व्यापक बढोत्तरी भएको छ । फलत: वर्षातको पानीले स्वभाविक निकास पाउन सकेको छैन ।

**(३) ईंटा भट्टाको व्यापकता :**

नदीको तटवर्ती क्षेत्रमा सञ्चालित ईटाभट्टाले माटो उत्खनन गर्दा एकातिर नदी सतहभन्दा बस्तीहरु होचो हुन गइरहेका छन् भने अर्कोतिर वर्षातको प्राकृतिक प्रवाहमा अवरोध आउन थालेको छ । र तटवर्ती वस्ती जोखिममा पर्न थालेका छन् ।

**(४) नदीको स्रोतको अवैज्ञानिक उत्खनन :**

नदी स्रोतको अवैज्ञानिक उत्खनले गर्दा नदीको आधार कतै होचो र कतै अग्लो हुने, नदीको प्रवाह गतिमा वृद्धि हुने र अनियमित प्रवाह उत्पन्न हुन गई नदीको पानीले कतिबेला कुन तटमा विध्वंश मच्चाउने हो सोको अनुमान गर्न कठिन हुन गएको छ । तराईमा वर्तमानको तट कटानको प्रमुख कारणमध्ये यो पनि एउटा हो ।

**(५) पहाडमा जथाभावी बनाइएका सडक :**

पहाडमा हिउँदमा डोजर लगाएर सडक खन्ने र अबीर जात्रा गर्ने अनि वर्षामा त्यही अव्यवस्थित सडकले निम्त्याएको पहिरोका कारण गाउँका गाउँ बगाएर शव यात्रा गर्नुपर्ने अवस्था सिर्जना भएको छ । ती सडक र ती सडकमा गुड्ने गाडीको कम्पनका कारण जाने भूक्षयका कारण नेपालका नदीहरुमा पानी र लेदोको अवस्था बराबरजस्तो हुने अवस्था सिर्जना भएको छ ।

वर्तमान अवस्थामा नदीको जलस्तर वर्षातमा ह्वात्तै बढ्नु र हिउँदमा ह्वात्तै घट्नुमा यही कारण हो । तर, पहाडमा जथाभावी सडक बनाउने उन्मादमा कुनै कमी आएको छैन ।

परिणामत: पहाड माटोविहीन भएर चट्टाने ढिस्कोमा परिणत हुने खतरा बढेर गएको छ भने तराईको भूभागमा पहाडको ग्रेगरको थुप्रोमा परिणत हुन गएको छ । यो उन्मादमा रोकावट नआएसम्म न पहाडमा पहिरो रोकिनेवाला छ, न तराईमा बाढी र डुवान नै । तराई र पहाडको माटो विनाश गर्ने यी पहाडी सडकहरुको निर्माण रोक्ने संकेत कही पनि देखिएको छैन ।

**(६) नदी तटवन्धनको अवैज्ञानिकता:**

वर्तमान समयमा तराईमा गरिएका नदी तटवन्धन टी आकारका बाँधमा आधारित छन् । जलप्रवाहको वेग बढी भएका स्थानमा यस्ता तटबन्धहरु औचित्यहीन हुन्छन् । यस्ता बाँधहरु त प्रवाह वेग अति न्यून हुने बंगलादेशका नदीहरुलाई मात्र उपयुक्त हुन्छ । अर्को यी तटवन्धहरु यसरी डिजाइन हुन्छन् कि वारिपट्टी तटवन्ध गर्दा पारिपट्ट किटान हुने र पारिपट्टी तटवन्ध गर्दा वारि पट्ट किटान हुने अवस्था सिर्जना हुन गएको छ । यस विषयमा कहिल्यै पनि सोचिएको छैन ।

**(७) जलप्रवाह क्षेत्रको वन संरक्षणमा उदाशीनता :**

जल प्रवाह क्षेत्रमा सदावहार वनहरुको अपरिहार्यता हुन्छ, पहिरो र भूक्षय नियन्त्रण तथा पानीको सौम्य प्रवाहका लागि । तर, जलप्रवाह क्षेत्रमा सदावहार वनको विकास र विस्तारमा चरम उदाशीनता छ । वन विस्तारका नाममा फैलिएका सल्लाका वन र एकै प्रजातिका वनका कारण माटो खुकुलो हुने र झाडीको अभावमा पहाडमा भूक्षय र पहिरोको खतरा अझ बढेर गएको छ ।

**(८) अवैज्ञानिक वस्ती विकास र शहरीकरण :**

पहाड र तराई दुवैतिर अवैज्ञानिक वस्ती विकास र शहरीकरणको उन्मत्तता थामिने कुनै लक्षण देखिएको छैन । पहाडमा नदी छेऊमा भैरहेको वस्ती विकास र तराईमा वर्षाको पानीको प्राकृतिक प्रवाहलाई प्रभावित गर्ने गरी भएको शहरीकरणका कारण बाढी पहिरो र तट कटानमा यो भयावह सिर्जना भएको हो ।

**(९) नदी किनारामा वस्ती विकास :**

नदी किनारमा वस्ती विकास गर्नु प्राकृतिक नियमको विपरीत विषय हो । नदीको दुवैतर्फ निश्चित चौडाइका कडा काठका ठूला ठूला जंगलहरु र बेत बाँस जस्ता काँडेदार भाडीहरु हुनु आवश्यक छ । तर, यो विषयमा कहिल्यै ध्यान दिइएको छैन । बरु तटवर्ती क्षेत्रमा शहर विकास गर्ने आत्मघाती शैलीमा तीव्रता दिन थालिएको छ ।

**(१०) पहिरो नियन्त्रणमा उदासीनता :**

पहिरो जान नदिन जोखिमयुक्त क्षेत्रको पहिचान गरी पूर्व रोकथाममा उपायहरु अपनाउनुपर्ने हो । यसैगरी एकचोटि पहिरो गएको स्थानलाई थप पहिरो जानबाट रोक्न पनि त्यत्तिकै तदारुकता देखाउनुपर्ने हो ।

तर, कतिबेला पहिरो जाला र हेलिकप्टरले मानिस ओसारौंला भन्ने शैलीमा हाम्रा सक्रियताहरु केन्द्रित हुन थालेका छन् परिणामत: नयाँ नयाँ स्थानमा पहिरो जाने र पुरानो पहिरोको क्षेत्रफल विस्तार हुँदै नदीमा थप लेदो बग्न गई बाढीको विभिषिका भीमकाय हुँदैछ ।

**(११) बाढीको प्रवाह नियन्त्रणमा उदासीनता :**

बाढीको प्रवाह नियन्त्रण गर्न ठूला-ठूला बाँध र कृत्रिम तालहरुको सिर्जना गर्नुपर्दछ, ताकि वर्षातको अधीक जल सञ्चय गरी सुख्खायाममा तल्लो तटमा प्रवाह गर्न सकियोस् । तर, यो रणनीतिमा राष्ट्रिय र क्षेत्रीय अवधारणा नै बन्न सकेको छैन । परिणामत: नेपाल, भारत र बंगलादेश वर्षामा बाढीबाट र हिउँदमा सुख्खाबाट पीडित हुन परिरहेको छ ।

**(१२) नहर निर्माणमा अवैज्ञानिकता :**

नहर निर्माण गर्दा नहरमा बग्ने पानीको प्रवाह नियन्त्रित रुपमा हुने गरी र तटहरुमा कम चाप उत्पन्न हुने गरी हुनुपर्दछ । तराईमा राणाकालमा निर्मित नहरहरुको दीर्घजीवनमा पछाडि यही कारणले प्रमुख भूमिका खेलेको थियो ।

विशेष गरी स्थानीय प्रविधि बाट निर्मित बर्दिया र कैलालीका विशाल नहरहरु आधुनिक नहरमा रुपान्तरण हुँदा झन खरतनाक भएर गएका छन् । बबई पश्चिमको परम्परागत डोडरी कुलोलाई आधुनिक नहरमा रुपान्तरित गर्दाको परिणामत: बबई पश्चिममा हरेक वर्ष बाढीबाट पीडित हुनुपरेको तथ्य हाम्रा सामु छ ।

**समाधानका १२ उपाय**

उपरोक्त समस्याहरुलाई हृदयदेखि स्वीकार गरी राज्यले आन्तरिकीकरण गरी देहायका सुझावहरुलाई युद्धस्तरमा कार्यान्वयन गर्ने हो भने नेपाल बाढी पहिरो मुक्त क्षेत्र भई प्रत्येक वर्ष आउने मनुसुन काल हैन, उत्सव बनेर आउने निश्चित हुनेछ ।

(१) तराईमा पूर्व-पश्चिमको सट्टा उत्तर-दक्षिण सडक निर्माण गर्ने

(२) पानीको निकास हुने नाला अतिक्रमणलाई हटाई पूर्ववत रुपमा कायम गर्नुपर्ने

(३) नदीको तटवर्ती क्षेत्रमा ईटाका लागि माटो उत्खनन् गर्न रोक लगाउने र जलप्रवाहलाई अवरोध हुने गरी माटो उत्खनन् गर्ने र ईटा बनाउने कार्यलाई नियन्त्रित गर्ने । ईटाको आपूर्तिलाई भरपर्दो बनाउन भारतीय ईटाको आयातलाई सहज बनाउने ।

(४) नदी श्रोतमा अवैज्ञानिक उत्खनन् बन्द गर्ने र आवश्यक पर्ने निर्माण सामाग्री नेपाल सरकारले आफ्नै संयन्त्र बनाई उत्खनन् एवं वितरण गर्ने

(५) पहाडमा सडक मार्गलाई रज्जुमार्ग र केवलकारले विस्थापन गर्ने र रणनीतिक महत्वका नभई नहुने राष्ट्रिय राजमार्ग बाहेक पहाडी क्षेत्रमा सडक बनाउन प्रतिवन्ध लगाउने ।

(६) नदीमा तटवन्ध गर्दा वर्षाको पानीलाई आधार पानी त्यो सीमा भन्दा बाहिर पानी जान नपाउने गरी अग्ला पर्खालहरु लगाउने र वर्तमान टी आकारका तटवन्धलाई विस्थापन गर्ने

(७) जलप्रवाह क्षेत्रमा सदावहार वनको विकास गर्ने र त्यस्ता संवेदनशील क्षेत्रमा कुनै पनि प्रकारका विनाशक क्रियाकलाप माथि प्रतिवन्ध लगाउने

(८) पहाडमा माटो बग्न रोक्ने गरी वस्ती विकास गने र तराईमा पानीको निकासमा बाधा नपर्ने गरी शहर वस्ती विकास र अन्य संरचनाहरु निर्माण गर्ने ।

माथिल्लो वस्तीलाई डुबानमा पर्ने गरी तल्लो वस्तीमा कुनै पनि प्रकारका वस्तीविकास निर्माणजन्य गतिविधिहरुमा प्रतिवन्ध लगाउने ।

(९) नदीका दुबै किनारामा वन करिडोरको व्यवस्था गरी ती क्षेत्रमा कुनै प्रकारका वस्तीहरु विकास नगर्ने र भएका वस्तीहरु व्यवस्थित रुपमा भित्री क्षेत्रमा स्थानान्तर गर्ने

(१०) पहाडमा गएको पहिरो र पहिरो जाने सम्भावित क्षेत्रमा रोकथामका कार्यक्रमहरु व्यापकरुपमा सञ्चालन गर्ने । सम्भावित क्षेत्रमा पहिरो रोक्ने गरी वन क्षेत्रको विकास गर्ने

(११) पहाडी भेगमा नदीहरुको वर्षातको बाढीलाई एक्कासी तराई क्षेत्र वा बेंसीसम्म पुग्न रोक्न ठूला ठूला सरोवरहरु बनाउने र ती सरोवरलाई जलविद्युत र सुख्खा याममा सिंचाइँका लागि प्रयोग गर्ने । यसका लागि भारत र वंगलादेशसँग मिलेर संयुक्त प्रकल्पहरु सञ्चालन गर्ने

(१२) तराईमा नहर निर्माण गर्दा जलप्रवाह कम हुने र नहरको तटमा कम चाप पर्ने र मूल नदीको पानी ह्वात्तै नहरमा पस्ने खतरा रोक्ने गरी नहरहरु निर्माण गर्ने ।

समग्रमा भन्नुपर्दा नेपाल बाढी र पहिरोबाट मुक्त हुने तथा भारत र बंगलादेश बाढी र सुख्खाबाट मुक्त हुने उपरोक्त विषय उपर सबैको ध्यान जानु आवश्यक छ ।

# लागुऔषध ब्राऊन सुगर सहित ६ जना पक्राउ

विराटनगर । लागुऔषध ब्राउन सुगर र लागुऔषध ट्यवलेट सहित ६ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

झापाको मेचीनगर नगर पालिका-६ मेचीपुल स्थितबाट लागू औषध ब्राउन सुगर सहित २ जनालाई र नियन्त्रित औषधी सहित १ जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

शुक्रवार इलाका प्रहरी कार्यालय काकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर-६ का २१ बर्षीय अशोल राजवंशी र २२ बर्षीय रिचार्ड श्रेष्ठको साथबाट २ ग्राम ६ सय ८० मिलिग्राम ब्राउन सुगर बरामद गरी दुबै जनालाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी मोरङको प्रहरी चौकी अमरदहले चेकजाँचको क्रममा सोही दिन को २१ प २८३३ नम्बरको मोटरसाईकल मा जेब्रा झोला भित्र ३० वटा प्याकेटमा प्याक गरेर ल्याउदै गरेको १५ हजार नियन्त्रित ट्याब्लेट सहित मोटरसाईकल चालक मोरङको कटहरी गाउँपालिका-१ का ३५ बर्षीय निरज राजवंशीलाई नियन्त्रण मा लिएको थियो ।

प्रतिबन्धित लागू औषध सहित ३ जना पक्राउ

सुनसरी । सुनसरीको दुई स्थानहरुबाट कार्तिक ४ गते प्रतिबन्धित लागू औषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय भान्टाबारीबाट खटिएको प्रहरी टोलीले देश भारत सुपौलका २० बर्षिय नवि हुसेन र सप्तरीका १९ बर्षीय मोहमद खुसिदलाई ब्राउन सुगर ५ सय ३० मिलिग्राम सहित नियन्त्रणमा लिएको थियो ।

त्यसका साथै प्रहरी चौकी श्रीपुरजब्दीबाट खटिएको प्रहरी टोलीले प्र १-०२-००३ ह ८७०५ नम्बरको सिटि रिक्सामा ४ वटा बोरामा राखेर लैजादै गरेको१ सय २० किलोग्राम गाँजा सहित देश भारत सुपौलका २० बर्षीय मोहमद ईम्तियाज पक्राउ परेको थियो।

उनीहरुको सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भई रहेको छ ।

# सवारी दुर्घटना तीनको मृत्यु

संखुवासभा । संखुवा सभाको खाँदवारी नगरपालिका-९ का ५५ बर्षीय कर्ण बहादुर कुमालको हत्यामा संलग्न सोही स्थानका २६ बर्षीय बिक्रम कुमाललाई प्रहरीले पक्राउ गरेको छ ।

मंगलबार बिक्रमले आफ्नै घर नजिकै आएका कर्णलाई पुरानो रिशिविको कारण आवेशमा आएर खुकुरी प्रहार गरी हत्या गरेका थिए ।

घटनाबारेमा जानकारी पाउनसाथ जिल्ला प्रहरी कार्यालय संखुवासभा र बिमानस्थल सुरक्षा गार्ड तुम्लिङटारबाट खटिएको प्रहरी टोलीले हत्यामा संलग्न बिक्रम कुमाललाई खुकुरी सहित नियन्त्रणमा लिई थप अनुसन्धान गरी रहेको छ ।

# प्रतिबन्धित लागु औषध सहित सात पक्राउ

विराटनगर । सुनसरीको बिभिन्न स्थानहरुबाट प्रतिबन्धित लागू औषध सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

गत आईतवार कोशी प्रदेश प्रहरी कार्यालयको, प्रादेशिक अनुसन्धान समूह (रिट) र इलाका प्रहरी कार्यालय पकली सुनसरीको संयुक्त प्रहरी टोलीले सुनसरीको रामधुनि नगरपालिका -७ का २९ बर्षीय सुमन चौधरीलाई उनकै घर कोठाबाट लागू औषध ब्राउन सुगर बिक्रि बितरण गरीरहेको अवस्थामा ५ ग्राम ७३० मिलिग्राम लागू औषध ब्राउन सुगर सहित र कारोबारमा संलग्न धरान -१७ का ३३ बर्षीय सुमन राईलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय सुनसरी र मातहत प्रहरी कार्यालयबाट साही दिन खटिएको प्रहरी टोलीले ईनरुवा-४ स्थितबाट इटहरी -१८ का ३४ वर्षिय राजु चौधरी र रामधुनी-४ का २८ बर्षीय रोशन हरिजनलाई १९ ग्राम ६९ मिलिग्राम ब्राउन सुगर सहित ,धरान-११ स्थितबाट सोही स्थानका बिकाश परियार, बिजय परियार , धरान-१७ का ३६ बर्षीय ईन्द्र राईलाई लागू औषध डिकोलिक -५०० पिस र ट्रामोल -५०० पिस सहित नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका सबैजनाको थप अनुसन्धान भई रहेको छ ।

**ट्राफिक नियमको पालना गरौं । सडक सुशासन कायम गरौं ।।**

## जेन-जी...

गत अस्थिरता, शासकीय अक्षमता र आर्थिक जटिलताले जनताको विश्वास हल्लाएको छ। जेन-जी आन्दोलनले त्यो अविश्वासलाई स्वर दिएको हो। जनताको भावनालाई अब कानुनी र संस्थागत निकासतर्फ लैजानु राजनीतिक दलहरूको नैतिक कर्तव्य हो। चुनाव त्यो अवसर हो जहाँ जनताले आफ्नो मतमार्फत फेरि शासनको दिशानिर्देशन गर्न सक्छन्।

चुनाव केवल सत्ता हस्तान्तरणको औपचारिकता होइन, यो उत्तरदायित्वको पुनःप्राप्ति हो। मतदाता केवल मत हाल्ने व्यक्ति होइनन् उनीहरू राज्यका मालिक हुन्। जेन-जी आन्दोलनले यही सन्देश दिएको छ। जनता केवल दर्शक होइन, निर्णायक शक्ति हुन्। त्यसैले निर्वाचनमा जनसहभागिता बढाउन, विश्वास पुनःस्थापित गर्न र भयमुक्त वातावरण सृजना गर्न सरकार, निर्वाचन आयोग र राजनीतिक दल सबैको सामूहिक उत्तरदायित्व हो।

अहिले निर्वाचन आयोगले ३० असोजमा राजनीतिक दलहरूलाई छलफलका लागि बोलाएको छ। यसले निर्वाचनको प्राविधिक तयारी, मतदाता शिक्षा र व्यवस्थापनको जानकारी दिनेछ। तर वास्तविक चुनौती राजनीतिक वातावरणको हो। शान्ति-सुरक्षा सुनिश्चित नगरी, निष्पक्ष प्रशासनिक संयन्त्र तयार नगरी, स्वतन्त्र प्रचार प्रसारको स्वतन्त्रता ग्यारेन्टी नगरी कुनै पनि निर्वाचन निष्पक्ष हुन सक्दैन। त्यसका लागि सरकार अग्रसर हुनुपर्छ।

नेपालको निर्वाचन प्रणालीले गत दुई दशकमा उल्लेखनीय सुधार पाएको छ। मतदाता नामावली, डिजिटल प्रणाली, समानुपातिक प्रतिनिधित्व र मतपत्र व्यवस्थामा सुधार भएका छन्। तर यस्ता प्राविधिक पक्षले मात्रै लोकतन्त्र सुदृढ हुँदैन। जब जनतामा अविश्वास, उम्मेदवारमा असन्तोष र प्रक्रियामा पक्षपातको आशंका हुन्छ तब चुनावको नैतिक शक्ति कमजोर हुन्छ। त्यसैले अहिलेको पहिलो सर्त हो विश्वासको पुनर्निर्माण।

जनविश्वास निर्माणको पहिलो कदम हो पारदर्शिता। दलहरूले आफ्नो आन्तरिक वित्तीय अवस्था, उम्मेदवार छनोटका मापदण्ड र घोषणा पत्रका प्राथमिकता सार्वजनिक गर्नुपर्छ। नागरिकले देख्न पाउनुपर्छ कि राजनीति अब केवल सत्ताको खेल होइन, सेवा र उत्तरदायित्वको संस्था हो। यो सोच पुनःस्थापित गर्न नसकिए जनआन्दोलनले ल्याएको परिवर्तन पनि क्षणिक हुनेछ।

जेन-जी आन्दोलनले एक पुस्ताको आत्मसम्मान पुनःजागृत गरेको छ। तर यो आन्दोलनले राजनीतिक नेतृत्वलाई पनि चुनौती दिएको छ। अबको नेतृत्व केवल उमेर वा अनुभवले होइन दृष्टि र उत्तरदायित्वले नापिनेछ। पुराना दलहरूले यो सन्देश बुझ्न सके भने उनीहरूलाई जनताको क्षमादृष्टि मिल्न सक्छ। नबुझे भने नयाँ शक्तिहरू उदाउनेछन्।

नेपालको लोकतन्त्र अझै निर्माणाधीन अवस्थामा छ। संविधानको मर्मले शक्ति सन्तुलन, सहकार्य र जवाफदेहीता सुनिश्चित गर्न खोजेको छ। तर व्यवहारमा राजनीतिक अस्थिरता ले यी मूल्यहरू कमजोर बनाइरहेको छ। यस्तो अवस्थामा जनताको आन्दोलन र चुनाव दुवै प्रणालीलाई परीक्षण गर्ने अवसर हुन्। यदि दलहरूले जिम्मेवारी पूर्वक अघि बढे भने यो अवसर पुनर्जागरण बन्न सक्छ।

तर यदि दलहरूले पुनः सत्ताको खेलमा रमाउन थाले भने, जनताको धैर्य फेरि नटिक्नेछ। जेन-जी आन्दोलन केवल प्रारम्भ हो यसको अन्त्य लोकतान्त्रिक उत्तरदायित्वले नै लेख्नेछ। जनताले अब केवल नारा होइन परिणाम खोजिरहेका छन्।

नेपालको संविधानले जनताको सार्वभौम अधिकारलाई सर्वोच्च स्थान दिएको छ। तर अधिकारलाई जीवन्त राख्ने माध्यम भनेको निर्वाचन हो। चुनावको माध्यमबाट मात्रै लोकतन्त्रले नवीकरण पाउँछ। जब जनताले आफ्नो प्रतिनिधि रोज्ने अवसर पाउँछन् तब मात्र शासन प्रणालीप्रति विश्वास बढ्छ। त्यसैले यो निर्वाचन केवल सत्ता फेर्ने अभ्यास होइन, लोकतन्त्र पुनः स्थापना गर्ने अवसर हो।

राजनीतिक दलहरूले अब आफ्नो प्राथमिकता स्पष्ट गर्नुपर्छ। जनजीवन मा के सुधार ल्याउने, भ्रष्टाचार नियन्त्रणका लागि के नीतिगत सुधार गर्ने आर्थिक पुनरुत्थानका लागि के रणनीति लिने यी प्रश्नका उत्तर बिना चुनावको अर्थ रहँदैन। मतदाता अब केवल अनुहार होइन, नीति खोजिरहेका छन्।

देश अहिले संवैधानिक र राजनीतिक दुवै मोडमा उभिएको छ। एकातिर संक्रमणकालीन सरकार छ, जसको म्यान्डेट सीमित छ। अर्कातिर जनआन्दोलनको माग छ, जसले पुरानो संरचनालाई चुनौती दिएको छ। यी दुईबीच सन्तुलन मिलाउन राजनीतिक परिपक्वता अपरिहार्य छ। यदि राजनीतिक स्वार्थ र सत्तालोलुपता हाबी भयो भने, इतिहासले फेरि कठोर निर्णय लिनेछ।

नेपालले विगत सात दशकमा धेरै आन्दोलन, परिवर्तन र संविधान देखिसकेको छ। तर स्थायित्व र सुशासन अझै अधुरो छ। यसको कारण केवल प्रणाली होइन, संस्कार हो। सत्ता हातमा पुगेपछि जिम्मेवारी बिर्सने परम्परा, आलोचनालाई शत्रु ठान्ने संस्कार, र अवसरलाई स्वार्थमा बदल्ने सोच यी नै हाम्रो राजनीतिक कमजोर पक्ष हुन्। जेन-जी आन्दोलनले यही कमजोरीलाई प्रहार गरेको हो।

अहिले देशले नयाँ सुरुवात खोजिरहेको छ। यसका लागि केवल राजनीतिक समझदारी होइन, नीतिगत रूपान्तरण आवश्यक छ। शासनको मूल्य जनसेवा, पारदर्शिता र जवाफदेहीतामा आधारित हुनुपर्छ। यसका लागि कानुनी संरचना मात्र पर्याप्त छैन। नैतिक चरित्र, राजनीतिक शिक्षा र सामाजिक उत्तरदायित्वको संयोजन चाहिन्छ।

सरकार, निर्वाचन आयोग र दलहरू ती तीन स्तम्भ हुन् जसले आगामी निर्वाचनको दिशानिर्देशन गर्नेछन्। सरकारले शान्ति-सुरक्षा सुनिश्चित गर्नुपर्छ आयोगले पारदर्शी प्रक्रिया सञ्चालन गर्नुपर्छ र दलहरूले जिम्मेवार सहभागिता जनाउनुपर्छ। यी तीनवटाको समन्वयमा मात्र लोकतन्त्रको पुनर्जीवन सम्भव हुन्छ।

यदि देशले निष्पक्ष र विश्वासिलो निर्वाचन सम्पन्न गर्न सफल भयो भने, नेपालको लोकतन्त्र पुनःजीवित हुनेछ। जनताको आस्था फर्कनेछ राजनीतिक दलहरूको भूमिका मा सुधार हुनेछ र संविधानको आत्मा पुनःप्राणवान बन्नेछ। तर यदि चुनाव पुनः विवाद र हिंसाको अखाडा बन्यो भने यसले जनताको निराशा झन् गहिरो बनाउनेछ। त्यसको मूल्य फेरि आन्दोलन र अस्थिरताले तिर्नु पर्नेछ।

त्यसैले अहिलेको आवश्यकता स्पष्ट छ। देशलाई राजनीतिक जटिलताबाट निकास दिन सर्वपक्षीय सहकार्य र पारदर्शी निर्वाचन अपरिहार्य छ। सरकारले अग्रसरता देखाउनुपर्छ, दलहरूले नीतिगत प्रतिबद्धता जनाउनुपर्छ, र नागरिक समाजले निगरानी भूमिका निभाउनुपर्छ। लोकतन्त्रको पुनर्निर्माणमा सबैको हात बराबर हुनुपर्छ।

नेपाल फेरि एक पटक इतिहासको मोडमा उभिएको छ। विगतका गल्तीबाट सिकेर भविष्य निर्माण गर्ने वा पुनः त्यही गल्ती दोहोर्याउने यो निर्णय अब राजनीतिक दलहरू र जनताका काँधमा छ। जेन-जी आन्दोलनले प्रश्न उठाइसकेको छ अब उत्तर दिनु दलहरूको पालो हो। (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# माटोको सामग्री बनाउने पुख्र्यौली पेशा संकटमा



पदमकुमार सरदार

विराटनगर। बजारमा इलेक्ट्रिक दियोबत्ती भित्रिए पछि माटोको दियो बनाउने पुख्र्यौली पेशा अहिले संकटमा परेको छ। हिन्दु धर्मावलम्बीहरुले मनाउने चाडपर्वहरुमा चाहिने माटोको चिराक, माटोको कलश लगायतको सामग्रीहरु बनाएर फुटपाथमा बसी सामग्री बेचेर जीवीका चलाउने समुदाय अहिले संकटवाट गुज्री रहेको छ। बजारमा इलेक्ट्रीकबाट बनेका दियोलगायत तिहार जन्य सामग्रीका कारण उनीहरुले मारमा परेका हुन्।

खासगरी तिहार लक्षित विराटनगरको फुटपातमै तिहारजन्य सामान राखेर बिक्री गर्ने व्यपारीहरुले अगामी वर्ष भन्दा कम आम्दानी हुने भएका छन्। विराटनगरको देव कोटा चोक, गुद्री लाइनको बजार, मेनरोडसहित पसलहरुमा तिहारजन्य वस्तुको किनमेल गर्दछन। दियो र सयपत्री फूल, फलफूल, भाई मसला, देवीदेवताका मूर्ति, तस्बिर लगायतका सामग्री व्यवसायीहरुले सडक पेटीमा राखेर बिक्री गर्छन्। यस पटक जेन्जी आन्दोलनका कारणले पहिलाको तुलना भन्दा कम उपभोक्ताहरुले तिहारजन्य सामग्रीहरु किनमेल गर्न आउने गरेको दियो व्यसायी सत्रुधन पण्डीतको भनाई छ।

माटोको साम्री झण्झटीलो भएका कारण इलेक्ट्रीकका सामग्रीहरु बढी बिक्रि हुने गरेका कारणले पनि दियोको व्यपार ओझेलमा परेको उहाँले भनाईछ। दसैंमा भन्दा तिहारमा चहलपहल बढेको छ तर व्यपार भने बडढेको छैन्। सुनसरीको देवानगञ्ज र बर्जुबाट आएर विराटनगरका विभिन्न चोकको सडक पेटीमा तिहारजन्य सामग्रीहरु बिक्रि गर्दै आएका दयो व्यवसायी पण्डीतले अहिले सम्म ८ देखि १० हजार सम्मको दियो बिक्री गरेको वताए। अघिलो वर्ष लक्ष्मी पूजा भन्दा अगाडी १५ देखि २५ हजार सम्मको दियो बिक्री भएको बनाए। अघिलो वर्ष कम मुल्यमा तिहारजन्य सामग्रीहरु बिक्र गर्न बाध्य भएका अर्का दियो व्यवसायी ठकुर र पण्डितको भनाई छ।

तर तिहारजन्य सामग्रीहरु खरिद गर्न आएका उपभाक्ताहरु माटोको सामग्री भन्दा बढी ईलेक्ट्रीकका सामग्रीहरु तर्फ आर्कषण बढेको उहाँहरुले वताए। तिहारमा धातुजन्य सामान, सप्तरंगी टीका, पूजाका सामग्री, भाई मसला, फलफूल, सयपत्रीलगायत पुष्प, झिलिमिली बत्तीलगायत लत्ताकपडाको करीब नगर क्षेत्रमा मात्र अघिलो वर्ष ९ कडोर भन्दा बढीको व्यपार भएको व्यापारीहरुले जनाएका छन्। अघिलो वर्षको भन्दा यस वर्ष ६ देखि ७ करोड सम्म मात्र व्यपाभएको तर्सथ सरकारले नेपाली बजारलाई भारतीय बजारको मूल्य समायोजन गर्नु पर्ने अन्यथा सिमा क्षेत्रका भारतीय बजारमा नेपाली उपभोक्ताको घुइचो लागि गुलजार हुने र नेपाल बजार सुख्खा हुने व्यपारीहरुको भनाई छ।




**कर तिरौं, राजस्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजस्व बढाऔं।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**